ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 1840 Hrs DATED: 09.02.2026

## सिक्किमका मुख्यमन्त्रीले उत्तर–पूर्व र बौद्ध सर्किट विकासमा केन्द्रित संघीय बजेटप्रति आभार व्यक्त गरे

सिक्किमका मुख्यमन्त्रीले संघीय बजेटमार्फत उत्तर–पूर्वी क्षेत्रलाई विशेष प्राथमिकता दिइएकोमा तथा बौद्ध सर्किट विकास योजनाको घोषणा गरिएकोमा संघीय अर्थमन्त्री श्रीमती निर्मला सीतारमण र केन्द्र सरकारप्रति हार्दिक आभार व्यक्त गर्नु भयेको छ।
मुख्यमन्त्रीले उत्तर–पूर्वलाई थेरवाद, महायान र वज्रयान बौद्ध परम्पराहरूको सभ्यतागत संगमस्थलका रूपमा मान्यता दिइएको कुरालाई स्वागत गर्दै यसले क्षेत्रको ऐतिहासिक, सांस्कृतिक र आध्यात्मिक महत्वलाई उजागर गरेको बताए। उनले बौद्ध तीर्थस्थल तथा गुम्बाहरूको संरक्षण, यातायात तथा सम्पर्क सञ्जालको सुधार र तीर्थयात्रीहरूका लागि सुविधाहरू विस्तार गर्ने योजनाले राज्यलाई ठूलो लाभ पुग्ने विश्वास व्यक्त गर्नुभयो
उहाँले थप भन्नुभयो यस्ता पहलहरूले सिक्किमको समृद्ध आध्यात्मिक सम्पदालाई संरक्षण र प्रवर्द्धन गर्नुका साथै पर्यटन विकास, सांस्कृतिक जगेर्ना र समग्र क्षेत्रीय समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्नुभयो।

## एसएसडीएमएद्वारा भूकम्प सचेतनता सम्बन्धी परामर्श जारी

सिक्किम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एसएसडीएमए) ले राज्यमा बारम्बार भइरहेका भूकम्पलाई ध्यानमा राख्दै नागरिकहरूलाई सतर्क, तयारी अवस्थामा रहन र नआत्तिन आग्रह गर्दै परामर्श जारी गरेको छ।
आज जारी गरिएको परामर्शमा भूकम्प प्राकृतिक घटना भएकाले यसको पूर्वानुमान गर्न नसकिने उल्लेख गरिएको छ। साथै सिक्किम भूकम्पीय क्षेत्र–6 मा पर्ने भएकाले डर नमानिकन आधारभूत तयारी अपनाउन सबैलाई आग्रह गरिएको छ।
प्राधिकरणले जिल्ला विपद् व्यवस्थापन प्राधिकरणहरूसँग समन्वय गर्दै विद्यालयहरू समेत समेटी नियमित रूपमा नमूना अभ्यास तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सर्वसाधारणलाई भूकम्प सुरक्षा र आपत्कालीन अवस्थाको सही प्रतिक्रिया सम्बन्धी जानकारी प्रदान गर्दै आएको जनाएको छ।

## सिक्किम सरकारले आशा प्यारामेडिकल इन्स्टिच्युट ठगी प्रकरणमा शीघ्र कदम चाल्यो

मुख्यमन्त्री प्रेम सिंह तामाङको निर्देशनमा सिक्किम सरकारको उच्चस्तरीय प्रतिनिधिमण्डलले सिलिगुडीका प्रहरी आयुक्त सी. सुधाकरसँग भेट गरी सालबारीस्थित आशा प्यारामेडिकल इन्स्टिच्युटसँग सम्बन्धित ठगीका आरोपबारे छलफल गरेको छ।

विद्यार्थी कल्याण बोर्ड, शिक्षा विभाग र गृह विभागका वरिष्ठ अधिकारीहरू सम्मिलित उक्त प्रतिनिधिमण्डलले सिक्किमका विद्यार्थीहरू संस्थाद्वारा ठगिएको विषयमा गम्भीर चिन्ता व्यक्त गरेका थिए। उनीहरूले यस घटनाका कारण विद्यार्थीहरूको पढाइमा अवरोध आएको, आर्थिक क्षति बेहोर्नु परेको तथा मानसिक तनाव झेल्नुपरेको उल्लेख गर्दै दोषीहरूमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन्।

प्रहरी आयुक्त सुधाकरले हालसम्म यस प्रकरणमा चार जना अभियुक्तलाई पक्राउ गरिएको जानकारी दिँदै मुख्य आरोपी तथा अन्य संलग्न व्यक्तिहरूको खोजी कार्य तीव्र रूपमा भइरहेको बताएका छन्। उनले यो मुद्दालाई उच्च प्राथमिकतामा राखेर अनुसन्धान भइरहेको र पीडित विद्यार्थीहरूलाई न्याय दिलाउन तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सबै कदम चालिने आश्वासन दिएका छन्।

## पत्र सूचना कार्यालय (पीआईबी)

पत्र सूचना कार्यालय (पीआईबी) सिक्किमको आयोजनामा सिक्किमका 13 सदस्यीय पत्रकारहरूको प्रतिनिधिमण्डलले छत्तीसगढको छ दिने भ्रमण सुरु गरेको छ। पीआईबी गान्तोकका सहायक निर्देशक मनस प्रतिम शर्माको नेतृत्वमा रहेको टोलीले आज रायपुर नजिक अवस्थित भारतकै सबैभन्दा ठूलो इस्पात उत्पादन केन्द्र भिलाई इस्पात कारखानाको अवलोकन गरेको छ। कारखाना प्रशासनका अनुसार सिक्किममा निर्माणाधीन सिवोक–रङ्पो रेल परियोजनाका लागि आवश्यक विभिन्न संरचनात्मक सामग्रीहरू यहीँ उत्पादन भइरहेको जानकारी दिइएको छ।

करिब ३० वर्ग किलोमिटर क्षेत्रमा फैलिएको उक्त कारखानाले आफ्ना ऊर्जाको केही आवश्यकता पूरा गर्न तैरिने सौर्य ऊर्जा परियोजनासमेत सञ्चालन गर्दै आएको छ। प्रतिनिधिमण्डलले भोलि गेवरा जिल्लास्थित कोइला खानीको भ्रमण गर्ने कार्यक्रम रहेको छ।

**आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।**